## फुङलिङ नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड-९** **संख्या-१** **मितिः२०८२।०२।०७**

## भाग-२

## फुङलिङ नगरपालिका

## "घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८२"

# “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८२

**कार्यपालिकाको बैठकबाट पारित**
**मिति २०८२/०२/०६**

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ मा समसामयिक संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी फुङलिङ नगरपालिकाले यो कार्यविधि जारी गरेको छ।

(१) संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम “घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८२” रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(२) कार्यविधिको दफा ३ को उपदफा (३) लाई हटाई तपसिल बमोजिम थप गर्नेः

(३) उपदफा (२) बमोजिम म्याद नाघेकोमा सबै प्रकृया पुरा गरी ईजजातपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले अनुसूची -२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरिदिनेछ।

(३) कार्यविधिको दफा ४ को उपदफा (३) लाई हटाउने।

(४) कार्यविधिको अनुसूची २ लाई हटाई देहायबमोजिम अनुसूची थप गर्ने।

**अनुसूची २**

**कार्यविधिको दफा २ को उपदफा (४) र दफा ३ को उपदफा (३) सँग सम्बन्धित**

| क्र.स. | निर्माण व्यवसायीको वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नवीकरण दस्तुर | इजाजतपत्र नवीकरण दस्तुर जरिवाना (छ महिनाभित्र) | ईजाजतपत्र नवीकरण दस्तुर जरिवाना (छ महिनापछि) |
|---|---|---|---|---|---|
| १ | घ | नगरसभाले तोके बमोजिम | नगरसभाले तोके बमोजिम | ईजाजतपत्र नवीकरण दस्तुर र सो दस्तुरमा थप ५० प्रतिशत | ईजाजतपत्र नवीकरण दस्तुर र वार्षिक सो दस्तुरमा १०० प्रतिशत जरिवाना थप हुदै जाने |

**आज्ञाले**
**प्रमुख प्रशासकीय अधिकृत**
**कृष्ण प्रसाद गौतम**